


बर्ष १, अंक ३, कार्तिक/मंसिर २०६८, काठमाडौं

**Volume 1, No 3, Oct/Nov, 2011, Kathmandu**

# बिषयसूची

महिनाको तस्विर........................................................................२

कास्कीमा सिविन बार्षिकोत्सव सम्पन्न...............................................३

किशोरी शिक्षा तालिम समापन.........................................................४

इन्टरनेट अनलाइनबाट हुन सक्ने जोखिम.........................................५

रक्तदान कार्यक्रमको आयोजना.......................................................६

विद्यालय पुग्न एउटै खोला २२ पटक................................................६.

चेपाङ समुदायमा बालविवाह कायमै..................................................६

प्रेस वक्तव्य..........................................................................................७

# महिनाको तस्वीर




२४औं सिविन वार्षिकोत्सवमा नृत्य प्रस्तुत गर्दै सिविनसंग आवद्ध बालिकाहरु

फोटो- रमिता

# सिविन समाचार

## कास्कीमा २४ औं सिविन बार्षिकोत्सव सम्पन्न

२२ औं अन्तरार्ष्ट्रिय बालअधिकार दिवस तथा २४औं सिविन बार्षिकोत्सव पश्चिमाञ्चल विकास क्षेत्र कास्कीको पोखरामा सम्पन्न भएको छ ।

विशेष समारोहबीच आयोजना गरिएको सो कार्यक्रममा जिल्लामा बालअधिकार तथा मानवअधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्था तथा सरोकारवाला नियकाहरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि पोखरा विश्वविद्यालयका उपकुलपति खगेन्द्रप्रसाद भट्टराईले बालअधिकारको क्षेत्रमा केही सुधार भएतापनि अझै धेरै गर्न बाँकी रहेको बताउनुभयो ।

सोही कार्यक्रमका अर्का अतिथि मानवअधिकारकर्मी टेकनाथ बरालले बालक नै मुलुकको सर्वस्व भएकाले उनीहरुको अधिकार सुनिश्चित भएमात्र समाजको भविष्य सुनिश्ति हुने बताउनुभयो ।




उक्त कार्यक्रममा सहभागी अन्य सरोकारवालाहरुले समेत अन्तर्राष्ट्रिय बालअधिकार दिवस र बालअकिारका बारेमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा सिविन नेपालकी कार्यकारी संयोजक सुम्निमा तुलाधरले सिविनको पृष्ठभूमि र बालअधिकारका बिषयमा नेपालमा सुरु गरिएको अभियानका बारेमा बताउनुभएको थियो ।

बालिका प्रतिनिधि मनिषा परियाले अब बन्ने संविधानमा बालअधिकारलाई सुनिश्चित गरिनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रमा रहेर बालअधिकारलाई प्रबर्द्धन र सम्बर्द्धन गर्नको लागि विशिष्ट योगदान पुऱ्याउनुभएका साहित्यकार पोखरेली काका, जिल्ला बालमञ्च सञ्जाल र १० वर्षदेखि निरन्तर रुपमा सिविन नेपालममा क्रियाशील अधिकारकर्मीलाई कदर स्वरुप सम्मान समेत प्रदान गरिएको थियो।

## किशोरी शिक्षा तालिम समापन

सिविन नेपालद्वारा सञ्चालित बालहेल्पलाइन नेपाल मकवानपुरको सहयोगमा ५ दिने किशोरी शिक्षा तालिम सम्पन्न भएको छ ।

तालिममा किशोरावस्थामा आउने परिवर्तन, आइपर्ने समस्या, समाधानका उपाय, प्रजनन स्वास्थ्य, महिनावारी, गर्भाधारण, गर्भपतन, परिवार नियोजन, जीवनोपयोगी सीप, मानव बेचबिखन तथा ओसारपसारका विषयहरुमा शिक्षा प्रदान गरेको प्रशिक्षक सम्झना अधिकारीले बताउनु भयो ।

कार्यक्रममा उपस्थित विभिन्न सघ संस्थाका प्रतिनिधिहरुले किशोरी शिक्षाको सर्न्दभमा बोल्दै किशोरी समुहका हरेक क्रियाकलापमा सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्नु भएको छ ।

सोहि तालिममा उपस्थित किशोरी समुहले आगामी दिनमा समुदायमा किशोरी समस्याका बारेमा सचेतनामुलक कार्यक्रम संचालन गर्ने किशोरी समुहकी अध्यक्ष मेरिना मोक्तानले बताउनु भयो ।

उक्त तालिमलाई लक्ष्मी किशोरी समुहका अध्यक्ष अम्विका गौतम ,सचिव पुष्पा तिमल्सिना र अशोक वाटिका किशोरी समुहकी उपाध्यक्ष करुण कार्की र बालहेल्पलाइनका सम्झना अधिकारीले सहजीकरण गर्नुभएको थियो ।




# इन्टरनेट अनलाइनबाट हुन सक्ने जोखिम

इन्टरनेटको प्रयोग बालबालिकाको निम्ति उपयोगी मात्र नभएर यसले उनीहरुमा खतरा पनि निम्त्याउने यसका सरोकारवालाहरुले बताएका छन्। इन्टरनेट अनलाइनबाट बालबालिकामा हुने जोखिम न्यूनीकरणका बिषयमा सिविन नेपालद्वारा राजधानीमा आयोजित छलफल कार्यक्रमका सहभागीहरुले उक्त कुरा बताएका हुन्।

वर्तमान समयमा इन्टरनेट एउटा सामाजिक विकृतिको रुपमा समेत रहेकाले यसबाट बालबालिकालाई जोगाउनुपर्ने  सहभागीहरुले बताएका छन् । विश्वमा जस्तै, नेपालमा पनि इन्टरनेट प्रयोगकर्ताहरुको संख्यामा बृद्धि भइरहेको छ । खासगरी वयस्क, युवाहरु लगायत साना नानीहरु इन्टरनेटका प्रमुख प्रयोगकर्ताका रुपमा रहेका छन् ।

इन्टरनेटबाट आफूलाई चाहिने सूचना तथा जानकारी प्राप्त गर्न सकिन्छ भने सँगै इन्टरनेट मार्फत नै आफूले तयार गरेका सूचना तथा जानकारी संसारभर पठाउन समेत सकिन्छ। मुख्य रुपमा घरपरिवार, विद्यालय र अन्य सार्वजनिक स्थानहरु (साइबर क्याफे) मा समेत इन्टरनेट प्रयोग गर्ने बालबालिकाको संख्या बढ्दै गएको देखिन्छ ।

इन्इन्टरनेटबाट हुनसक्ने जोखिमबाट जोगाउनको लागि अभिभावक, बालबालिका स्वंयम, समुदाय र शिक्षकहरुले समेत विशेष ध्यान दिनु जरुरी देखिन्छ ।



## सिविनद्धारा रक्तदान कार्यक्रमको आयोजना

अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा सिविन नेपाल द्वारा संचालित बाल हेल्पलाइन नेपाल १०९८ तथा युथ सेभकोृ संयुक्त आयोजनामा काठमाण्डौमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

विभिन्न जोखिम परिस्थितिमा रहेका बालबालिकाको सहायताको लागि रक्तदान दिएको उपस्थित रक्तदाताहरुले जनाएका छन् ।

विशेष गरेर जोखिम परिस्थितिमा रहेका बालबालिकाको निम्ति आयोजित उक्त रक्तदान कार्यक्रममा ६८ जना  सहभागिताहरुले रक्तदान गरेका थिए ।

# संचार माध्यममा बालबालिका

## विद्यालय पुग्न एउटै खोला २२ पटक तर्नु पर्ने बाध्यता

मावि र उच्च शिक्षा अध्ययनका लागि अर्घाखाचीका दुर्गम बस्ती सिद्धारका विद्याथी एउटै खोला २२ पटक तरेर विद्यालय धाउन बाध्य रहेका छन्।

उच्च मावि नजिक नभएको र भौगोलिक वनावटले खोलाको बाहेक अर्को बाटो नहुँदा विद्यार्थीले शिक्षाका लागि स्थानीय कुसुमखोला २२ पटक सम्म तर्नु परेको हो।

स्रोत कान्तिपुर

## चेपाङ समुदायमा बालविवाह कायमै

मकवानपुरका अधिकांश चेपाङ बालिका युवती बन्न नपाउँदै आमा बनेका छन्। युवा जोस र फुर्ति उनीहरुको जीवनमा आउनै पाउँदैन्।

स्रोतःकान्तिपुर

# प्रेस वक्तव्य

सिविन–नेपाल
नेपाल बालमजदूर सरोकार केन्द्र
Child Workers in Nepal Concerned Centre

CWIN
For Children, With Children
P.O.Box: 4374, Chunne Bhairab Marga
Rabibhawan, Kathmandu, Nepal
Tel: 977-1-4282255/ 4278064/ 4271062
Fax: 977-1-4278016
Email: cwin@mos.com.np
URL: www.cwin.org.np

प्रेस वक्तव्य,

सम्पूर्ण प्रेस जगत,
सिविन–नेपालको २४औं वार्षिकोत्सव तथा २२औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसका पूर्व सन्ध्यामा सिविन–नेपालद्वारा जारी प्रेस विज्ञप्तिलाई प्रकाशन/प्रशारणका लागि अनुरोध गर्दछु।
सदा झैं सहयोगको अपेक्षा सहित धन्यवाद।

.....................
तारक धिताल
प्रवक्ता
मिति : ३ मंसीर २०६८

नयाँ संविधानको निर्माण: बालअधिकारको सम्मान

सन्दर्भ: सिविनको २४औं वार्षिकोत्सव र २२औं अन्तर्राष्ट्रिय बालअधिकार दिवस

नेपालको पहिलो बालअधिकारबादी गैर सरकारी संस्थाका रुपमा सन् १९८७ मा स्थापित सिविन नेपाल यहि २० नोभेम्बरका दिनबाट २४औं वर्षमा प्रवेश गरेको छ। बालअधिकारसम्बन्धी महासन्धि १९८९ पारित भएको दिनको सम्झना स्वरुप २० नोभेम्बरका दिनलाई अन्तर्राष्ट्रिय बालअधिकार दिवसका रुपमा विश्वव्यापी रुपमा मनाइने गरिएको छ। सिविन–नेपालको २४औं वार्षिकोत्सव तथा २२औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसको पूर्व सन्ध्यामा सिविन–नेपालका तर्फबाट देशका सम्पूर्ण बालबालिकाहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं।

यस अवसरमा *"नयाँ संविधानको निर्माण: बालअधिकारको सम्मान"* भन्ने मूल नाराका साथ सिविन–नेपालले २४औं सिविन वार्षिकोत्सव पोखरामा विशेष कार्यक्रम सहित सम्पन्न गर्दैछ। देशको शान्ति प्रक्रिया देशका सम्पूर्ण नागरिकहरुको उत्तिकै चासोको विषय भएको हुँदा यस प्रक्रियामा देशको झण्डै आधा जनसंख्यामा रहेका बालबालिकाको भावनालाई पनि ध्यानमा राख्न हामी हार्दिक आग्रह गर्दछौं। संविधान निर्माणको क्रम अगि बढिरहेको यस अवसरमा नयाँ बन्ने संविधानमा उनीहरुका अधिकारहरुलाई सुनिश्चित गर्नका लागि पनि हामी सरोकारवालाहरु विशेषगरी जिम्मेवार राजनीतिक दलहरुलाई हार्दिक अपिल गर्दछौं। स्मरणीय छ नयाँ नेपालको निर्माण बालबालिकाको साथमा मात्र सम्भव छ।

Registered at Nepal Government, DAO/Kathmandu, No. 517-047/048 and affiliated with Social Welfare Council, SWC No. 409, PAN No. 300727634

बालबालिकाहरुको निम्ति आपतकालिन राहत तथा परामर्श सेवाका लागि
बाल हेल्पलाइन–नेपाल
Child Helpline-Nepal. Toll Free No. 1098
नि:शुल्क फोन १०९८ (दश–नौ–आठ)
सिविन–नेपालद्वारा काठमाडौं, हेटौंडा, नेपालगंज, पोखरा, विराटनगरमा संचालित
नयाँ नेपालको निर्माण बालबालिकाको साथमा थालौं।